प्रदेश सरकार

लुम्बिनी प्रदेश

सामाजिक विकास मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

**सामाजिक विकास डिभिजन कार्यालय**

**प्युठान**

पस ०७७।०७८ मिति

च न

विषय सीपमुलुक तालीम संचालन गर्ने आशयपत्र माग सम्वन्धि सूचना

प्रथमपटक प्रकाशित मिति २०७७।९।६

यस कार्यालयको आ व ०७७।०७८ को स्वीकृत बार्षिक कार्यक्रमअनुसार तपसीलका विषयहरुको व्यावसायिक तथा सीपमुलक तालीम प्रदान गर्नुपर्ने भएको हुंदा इच्छुक तालीम प्रदायकहरु (व्यक्ति फर्म कम्पनी वा संस्था)बाट सार्वजनिक खरिद एन २०६३ को दफा ३० बमोजिम आशयपत्र माग गरिएको छ । यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० (तिसौं) दिनको कार्यालय समय भित्र तोकिएको रीतपुर्वक को शिलवन्दी आशयपत्र फाराम दर्ता गर्न सकिने छ र अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र दिनको १२ :०० वजेभित्र आशयपत्र दर्ता गर्न सकिने छ ।आशयपत्र को विस्तृत सूचना र शर्त एवम् आशयपत्रको फाराम यस कार्यालयको सूचनापाटी र कार्यालयको वेभसाइट sddopyuthan.p5.gov.np मा हेर्न सकिने छ।आशयपत्रको फाराम यस कार्यालयबाट रु २०० मा प्राप्त गर्न सकिने छ ।

१ प्रशताවित तालीम कार्यक्रमको खर्च यस कार्यालयको बार्षिक बजेटबाट व्यहोरिने छ ।

२ चालु आ व ०७७।०७८ मा संचालन हुने तालीमहरु निम्नानुसार हुनेछन् -

(क)दलित अतिविपन्न समुदायका महिलाहरुको लागि आय आर्जन तथा जीविकोपार्जन तालीम ३ महिने

( उद्धमशिलता रोजगारीमुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृदिध तालीम)

(ख)महिलाहरुका लागि सीपविकास तालीम ३ महिने जिल्लास्तर(उघ्दमशिलता रोजगारी मुलक/सशक्तिकरण/सीपविकास तथा क्षमता अभिवृदिध तालिम)

(ग) ओपचारिक तथा अनौपचारिक क्षेत्रका महिलाकामदारको सीप स्तरोन्नति



**विष्णुप्रसाद भूसाल**

**कार्यालय प्रमुख**

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
प्युठान

३ तालीम संचालन गर्नुपर्ने स्थान  प्युठान र रोल्पा जिल्ला मा

४ इच्छुक आशयपत्रदाता व्यक्ति फर्म संस्था वा कम्पनिको योग्यता देहायबमोजिम हुनुपर्ने छ ।

(क) फर्म संस्था वा कम्पनी सम्वन्धित  कार्य गर्ने गरी दर्ता र नविकरण भएको ।

(ख) स्थायी लेखा नं  र मुल्य अभिवृदिद करमा दर्ता भएको .

(ग) समान प्रकृतिको काममा कम्तिमा ३(तीन)वर्ष देखि कार्य गरेको अनुभव भएको ।

(घ) प्राविधिक क्षमता आर्थिक क्षमता अनुभव र योग्यता सम्वन्धित विषयमा सीप परीक्षण तह १ र २ तालीम दिलाउने कामको लागि योग्य भएको ।

(ङ) आशयपत्र पेश गर्ने व्यक्ति फर्म संस्था वा कम्पनिको उद्देश्यसंग सम्वन्धित तालिम संचालन गर्न मिल्ने हुनुपर्ने ।

(च) कुनै निकायबाट स्विकृति लिइ सञ्चालित तालीमको हकमा सो निकायबाट स्विकृति लिएको ।

५ आशयपत्रको योग्यता अनुभव र क्षमताको लागि पेश गर्नुपर्ने विवरण र कागजात आशयपत्र फाराम तथा यसको अनुसुचिमा उल्लेख भए अनुसार हुनेछ ।

६ प्राप्त भएका आशयपत्र फाराममा उल्लेखित योग्यता अनुभव र क्षमताको मुल्यकंन गरी यस कार्यालयले  सम्वन्धित परामर्श सेवा लिन सक्ने योग्य आशयपत्रदाताहरुको छनौट गरी सक्षिप्त सूचि तयार गर्ने छ। सक्षिप्त सूचिमा परेका व्यक्ति फर्म कम्पनि वा सस्थाबाट मात्र तालीम कार्यक्रम संचालनका लागि परामर्श सेवा प्राप्त गर्न प्राविधिक र आर्थिक प्रस्ताव माग गरिने छ।

७ अनुभव गणना गर्दा एउटै तालीम प्रदायक व्यक्ति कम्पनि संस्था वा फर्मको मात्र  मान्यता दिइने छ। तर सयुंक्तउपक्रम(joint ventures) हकमा प्रचलित सार्वजनिक खरिद सम्वन्धि कानुन बमोजिम मान्यता दिन सकिनेछ ।

८ कुनै एक संस्थाले बढीमा दुइ (२) वटा तालीमका विषयहरुमा तालीम संचालन गर्न आशयपत्र पेश गर्न सकिने छ।

९ जिल्लागत सन्तुलनका लागि तालिमका कुल संख्याको आधारमा एक कम्पनि (तालीम प्रदायक)बाट तोकिएको संख्या र स्थानको मात्र तालीम दिने गरी प्राविधिक तथा आर्थिक प्रश्ताव माग गर्न सकिने छ ।

१० प्रश्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने समयावधि तालीमको अवधि अनुसार चालु आर्थिक बर्षको असार १५ गते सम्म रहेछ छ ।

११ आशयपत्र फाराम प्रस्तुतकर्ता व्यक्ति फर्म कम्पनी वा संस्थाको यस कार्यालयबाट स्थलगत अवलोकन गर्न सकिने छ।



विष्णुप्रसाद भूसाल
कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
प्युठान

१२ आशयपत्र फाराम  यस कार्यालयको प्रशासन  शाखाबाट प्राप्त गर्न सकिने छ। आशयपत्रका लागि पत्र सहित संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि  स्थायी लेखा नं/मु अ करमा दर्ता प्रमाण पत्रको प्रतिलिपि  तथा आ व ०७६।०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने छ ।

१३ आशयपत्रदाताहरुबाट पेश गरिने कागजातहरुको प्रतिलिपि नोटरी पव्लिकबाट प्रमाणित गरिएको हुनुपर्ने छ।

१४ यो सूचना प्रकाशित भएको मितिले ३० (तिसौ) दिनको कार्यालयसमय भित्र सामाजिक विकास डिभिजन कार्यालय विजुवार प्युठानमा आशयपत्र फाराम शिलवन्दि गरी दर्ता गर्नु पर्ने छ। अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दिनको १२ वजे सम्म कार्यालयमा दर्ता गर्न सकिने छ ।म्यादनाघी आएको वा रीत नपुगी आएको आशयपत्रउपर कुनै कार्वाही हुने छैन ।

१५ आशयपत्र कुनै कारण जनाइ वा नजनाइ छनौट र सुचीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१६ यस सम्वन्धि थप कुनै जानकारी चाहिएमा यस कार्यालयको फोन नं ०८६-४६०१४३ वा ९८५७८६०१४३मा  सम्पर्क गर्न सकिने छ।

१७ स्विकृत बार्षिक कार्यक्रमहरुको तालिम संचालन गर्न चरणवद्द रुपमा आर्थिक तथा प्राविधिक प्रश्ताव माग गर्न सकिने छ ।

१८ आशयपत्र प्रश्ताव मुल्याकंनका आधारहरु आशयपत्र फारामको अनुसुचिमा उल्लेख भए बमोजिम हुनेछ ।

१९ यस सूचनामा उल्लेखित भए बाहेकका विषय एबम् खरिद सम्झौता उल्लंघनका शर्त तथा उपचारका विधिहरु सम्वन्धमा प्रचलित सार्वजनिक खरिद सम्वन्धि एन र नियमावलीमा उल्लेख भएका प्रावधानहरु यस आशयपत्रमा स्वत समावेश भएको मानिने छ।

कार्यालय प्रमुख

विष्णुप्रसाद भूसाल
कार्यालय प्रमुख